# 2020

# NEPALI

## (Modern Indian Language)

**Full Marks : 100**

**Pass Marks : 33**

**Time : Three hours**

*सोधिएका प्रश्नहरूको उत्तर आफ्नै शब्दमा लेख ।*

*प्रश्न संख्या 1 र 2 का प्रश्नहरूको उत्तर विस्तारपूर्वक लेख :* 8×2=16

1. निम्नलिखित विषयहरू मध्ये कुनै एउटा विषयमा निबन्ध लेख : 8

(क) नारी शिक्षा

(ख) हाम्रो चाड़ दशैं

(ग) पुस्तकालय

2. सत्य-सन्देश कविताको सारांश लेख। 8

*अथवा*

सप्रसंग व्याख्या गर –

के के भनूं विरहका दुःखका म कुरा
जे जे थिए उति भने अझ हुन्न पुरा
ए पन्छि कोइली ! फगत भरपर्छु तेरा
वाहां गईकन भनेस यति बात मेरा ।

प्रस्तुत गद्यांश पढेर सोधिएका प्रश्नहरूको उत्तर लेख :

वि० सं० 1973 सालतिर तत्कालीन राणा प्रधानमंत्री चन्द्र शम्सेरले अफ्नो शासनकालमा निर्माण गराएको उदयपुर जिल्लाको फत्तेपुरमा त्रियुगा नदीमा बनेको 'चन्द्रनहर' नेपालकै पहिलो र ऐतिहासिक रहेछ । राणाशासनकाल राजनीतिक दृष्टिले जति नै तानाशाही, एकतन्त्री र क्रुर भए पनि देशको विकास र निर्माणका दृष्टिले यो शासनकाल महत्वपूर्ण थियो भन्दा अत्युक्ति नहोला । वीर अस्पताल, त्रिचन्द्र कलेज, घण्टाघर, सिंहदरवार लगायत विभिन्न मन्त्रालय सञ्चालन भैरहेका विभिन्न भवन तथा तत्कालीन दरवारहरू राणाशासन-कालमै निर्माण भएका हुन् भन्ने यथार्थ लुकाउन सकिदैन भन्ने कुरा फत्तेपुरको चन्द्रनहरको बनोट र यसको रहस्य थाहा पाएपछि अझ प्रमाणित र सिद्ध भएको महसुस हुन्छ । अर्को कुरा तत्कालीन समयमा कमिसन र नाफाजस्ता भ्रष्टाचारको मानसिकताबाट मानिसहरू विशेष गरी ठेकेदार र निर्माणकम्पनीहरू मुक्त रहेछन् भन्ने कुरा 94 वर्षअधि निर्माण भएको 'चन्द्रनहर' बाँध हालसम्म जस्ताको तस्तै र सग्लो अवस्थामा रहेकोले स्पष्ट भएको अनुभव गर्न सकिने रहेछ । यस नहरबाट पारिपट्टि जानको लागी संकीर्ण बाटो हुँदै मानिसहरू खोटाङ, दिक्तेल आदि हिमाली दुर्गम क्षेत्रहरूमा जाँदा रहेछन् । यसबाट यस नहरले त्यस क्षेत्रको यातायातमा समेत योगदान पुर्‍याएको कुरा स्पष्ट हुन्छ ।

3. चन्द्रनहरबाट पारिपट्टि कुन ठाउँ छ ? 1

(क) भद्रपुर

(ख) धरान

(ग) विराटनगर

(घ) खोटाङ

4. नेपालको ऐतिहासिक र पुरानो नहर कुन हो ? 1

5. राणाशासनकाल कुन दृष्टिले महत्वपूर्ण छ ? 1

6. सिंहदरवार निर्माण हुँदा नेपालमा कुन वंशको शासन थियो ? 1

7. राणाकालमा ठेकेदार र निर्माण कम्पनीहरू के कुराबाट मुक्त रहेछन् ? 1

8. उपर्युक्त अनुच्छेदको लागि शीर्षक के हुन सक्छ ? 1

9. कमिसन र भ्रष्टाचारको अर्थ स्पष्ट पार । 2

10. चन्द्रनहरले के-के कुराको योगदान पुर्‍याएको छ ? 2

*प्रश्न संख्या **11** देखि **13** सम्मका प्रश्नहरूको सहि उत्तर दिएका विकल्पहरूबाट चुनेर लेख :*

11. स्त्री-पुरुषमा सुरक्षित यौन सम्बन्ध राख्नु नै ———— । 1

(क) एच० आई० भी० कीटाणुहरू विस्तार गर्नु हो ।

(ख) एड्सबाट सुरक्षीत रहनु हो ।

(ग) एड्स फैलाउनु हो ।

(घ) मानिसले आफ्नो रक्षा शक्ति क्षीण गराउनु हो ।

12. 'प्रिये' जे हुनु भयो-फेरि परिवर्तित आयाम आउँछ' – कुन कविताबाट उद्धृत गरिएको हो ? 1

(क) सत्य-सन्देश

(ख) कर्म

(ग) सास छ आश छ

(घ) पीकदूत

13. अनुप्रास अलंकारको लक्षण चिन । 1

(क) वर्णको आवृत्ति

(ख) वाक्यको आवृत्ति

(ग) पदको आवृत्ति

(घ) शब्दको आवृत्ति

*प्रश्न संख्या 14 देखि 18 सम्मका प्रश्नहरूको उत्तर भरसक एउटा शब्द वा एउटा वाक्यमा लेख :*

14. जयमाया कस्की छोरी थिई ? 1

15. दैलो सुरक्षित रहनाकालागि केले रक्षा गरेको हुनु पर्दछ ? 1

16. कवि मोतीराम भट्टको विचारानुसार कुन ऋतुले सारा जगतलाई खुशीयाली पारेको छ ? 1

17. सत्य-सन्देश कविता अन्तर्गत के को टुङ्गो लाग्दा मन हलुङ्गो हुन्छ ? 1

18. चार सगण हुने छन्द कुन हो ? 1

*प्रश्न संख्या **19** देखि **27** सम्मका प्रश्नहरूको उत्तर भरसक अति संक्षेपमा लेख :*

19. आमाको कस्तो कुरा सुनेर लालको सारा शरीर सिरिङ्ग-जिरिङ्ग भएको थियो ? 2

20. के कारणले गर्दा कटकबहादुरले दोस्रो विहे गर्नु पर्‍यो ? 2

21. नाति मानवकुमार के कारणले चुपचापै गायब भएछ ? 2

22. लेखकको स्वीकारोक्ति बन्द भएपछि आमै कहाँ गइन ? 2

23. पत्र रचना भनेको के हो ? 2

24. स्मारक पत्र केलाई भनिच्छ ? 2

25. कस्तो निबन्ध राम्रो निबन्ध हुन सक्दैन ? 2

26. निबन्ध तयार गर्नलाई मुख्य कति विषयमा ध्यान दिनु पर्दछ ? 2

27. श्लेष अलंकार केलाई भनिन्छ ? 2

*प्रश्न-संख्या **28** देखि **35** सम्मका प्रश्नहरूको उत्तर संक्षेपमा लेख :*

28. कविहरूको राष्ट्रिय समालोचना कसरी गरिन्छ ? 3

29. पढ़ेका अहंमानी पण्डितहरू भानुभक्तको रचनालाई कस्तो मान्थे ? 3

30. कर्म कवितामा जीवन कसरी सिद्धिन्छ भनेर कविले भनेका छन् ? 3

31. नचिनिने भएछौ भनेर कविले कसलाई भनेका छन् ? 3

32. चिट्ठी-पत्र गर्नु पर्ने मुख्य कारण के हो ? 3

33. निबन्ध लेख्दा चाहिने सामग्रीको वर्णन गर । 3

34. उपमेय र उपमानमा के अन्तर छ ? 3

35. गण भनेको के हो ? वार्णिक र मात्रिक छन्दमा के अन्तर छ ? 3

*प्रश्न संख्या **36** देखि **41** सम्मका प्रश्नहरूको उत्तर संक्षेपमा नै लेख :*

36. विश्व स्वास्थ्य संगठनको अनुसार एड्सबाट रक्षा गर्ने नियमको पालन लेख । 4

37. सुबेदार शिवजित राईले किन आफ्ना चीज-बीज मा गोली हाने ? 4

38. पीकदूत कवितामा ग्रीष्म ऋतुको वर्णन कुन रूपले प्रस्तुत गरिएको छ ? 4

39. गालाका रगत सुकिसकेछन्,

आँखाका ज्योति सब हराइसकेछन्

—उक्त पंक्तिको अर्थ स्पष्ट पार । 4

40. एउटा दफ्तरी पत्र लेख । 4

41. वर्णनात्मक निबन्ध केलाई भनिन्छ ? 4